गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामा ज्यूले आ.व.२०८३/०८४ को गरिमामय गाउँसभाको १९ औं अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

सम्बत् २०८३ साल आषाढ ७ गते आइतबार

## गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामा ज्यूले आ.व.२०८३/०८४ को गरिमामय गाउँ सभाको १९ औं अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

आजको यस गरिमामय गाउँ सभामा उपस्थित,
जिल्ला समन्वय प्रमुखज्यू,
उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरू,
गाउँपालिकाका कर्मचारी साथीहरू लगायत सम्पूर्ण उपस्थित महानुभवहरू,
यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने विभिन्न राजनीतिक दलका नेता तथा प्रतिनिधि ज्युहरु, शिक्षक तथा बुद्विजिवी हरु, सञ्चारकर्मीहरु, सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी वहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

गाउँपालिकालाई "**कृषि, पर्यटन र पुर्वाधार; समृद्ध गङ्गाजमुनाको मूल आधारः** तयार गर्न यस नीति तथा कार्यक्रमले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कृषि, पर्यटन क्षेत्रहरुलाई प्रमुख प्राथमिकताको रुपमा राखेका छौं।

**यस नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

१. नेपालको संविधान,
२. प्रचलित कानूनी ब्यवस्था,
३. संघीय, प्रदेशका नीतिहरु,
४. आवधिक योजनाका लक्ष्यहरु र एवम् अनुभव तथा सिकाइ आदि रहेका छन् ।

सभा सदस्य ज्यूहरु,
अब म आर्थिक वर्ष २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**सुशासन तथा संस्थागत विकास**

१. गाउँपालिकाको कार्यालयहरुबाट प्रवाह हुने सेवा, विकास निर्माण जस्ता गतिविधिहरुलाइ पारदर्शी बनाइ सुशासन प्रवर्द्धन गर्ने कार्यक्रमहरु कार्यान्वयनलाई थप व्यवस्थित बनाइने छ ।

२. सबै कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गरी प्रचलित नियम कानूनहरुको परिपालानामा जोड दिई सुशासनलाई प्रवर्धन गरी बेरुजू न्यूनीकरणलाई जोड दिइनेछ।

३. यस आ.ब.मा चार करोडभन्दा बढी गत बर्षहरुको बेरुजु सम्परिक्षण गरिएको र बेरुजु सम्परिक्षण कार्यलाई निरन्तरता दिई बेरुजु रकम घटाइनेछ।

४. आ.ब. २०८१/८२ को बेरुजु यस पालिका स्थापना भएदेखीकै सबै भन्दा कम रु ६५ लाख बेरुजु कायम हुन आएको छ। प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन नियमको पालनामा जोडदिई शुन्य बेरुजु बनाउन गाउँपालिकाले जोड दिईनेछ।

५. स्थानीय सरकारमा जनप्रतिनिधिको दोस्रो कार्यकालको चौथो वर्ष पुरा भई पाचौं वर्ष अर्थात अन्तिम वर्ष चलिरहेको सन्दर्भमा आगामी आ.ब.लाई गाउँपालिकाहरुले गरेका असल र अनुकरणीय अभ्यासहरुको संकलन प्रकाशन र प्रचारप्रसार गर्ने कार्यलाई प्राथमिकता दिई असल अभ्यास र सिकाई आदान प्रदान वर्षको रुपमा वर्षै भरी गतिविधिहरु संचालन गरिनेछ।

६. नेपाल सरकारले तीन तहकै संगठन तथा व्यवस्थापन (O&M Survey) सर्वेक्षण मापदण्ड जारी गरिसकेको छ। मापदण्ड बमोजिम गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी प्रदेश किताबखानामा पद दर्ताको लागि आवश्यक कार्वाही अगाडी बढाइनेछ।

७. गाउँपालिकाको कार्यालय अन्तर्गत विभिन्न विषयसँग सम्वन्धित प्राविधिक तथा प्रशासनिक कर्मचारीका करार सेवाका सबै तहका कर्मचारीहरुको निवृत्त हुँदा वा करार सेवाबाट हट्दा रित्तो हात फर्कनु पर्ने अवस्था भएकाले त्यस्ता कर्मचारीहरुलाई आवश्यक कार्यविधि बनाइ केही आर्थिक राहत पुर्याउने उद्देश्यले गाउँपालिका एक कर्मचारी कल्याण कोष को व्यवस्था गरिने छ।करार कर्माचारीलाई सामाजिक सुरक्षाकोषमा आवद्व गर्नका लागि दिगो स्रोत व्यवस्थापनका लागि थप अध्ययन गरिनेछ।

८. विकास निर्माण कार्यलाई व्यवस्थित पारदर्शी र गुणस्तरीय बनाउन अनुगमन निरीक्षण सुपरीवेक्षणलाई सुधार गर्न आधुनिक प्रणालीलाई प्रयोगमा ल्याई थप व्यवस्थित गरिनेछ।

९. न्यायिक समितिको अधिकारक्षेत्र बाहिरका विवादका सम्बन्धमा न्यायिक सहजिकरण गरी आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क कानूनी उपचारका लागि जिल्ला बार सँग समन्वय गरिनेछ।

**शिक्षा,युवा तथा खेलकुद तर्फ**

१. सम्पूर्ण सामुदायिक विद्यालयमा आवश्यक ICT सामाग्री वितरण गरी कक्षाकोठा शिक्षण सिकाइलाई प्रविधि मैत्री बनाइने छ।
२. यातायात सहितको एकीकृत तथा आवासीय विद्यालय सञ्चालनको नीति अवलम्बन गरिने छ।यसको लागि समुदाय स्तरबाट पहल गर्ने विद्यालयलाई प्रोत्साहन गरिने छ।
३. विश्वविद्यालय तथा अन्य संघसंस्थाको सहकार्यमा शिक्षकको पेसागत विकास गरी स्मार्ट शिक्षकको रुपमा विकास गरिने छ।

४. गाउँपालिका अनुदान शिक्षक दरवन्दिलाई घटाउँदै शिक्षण गरेको पिरियडका आधारमा भुक्तानी हुने गरी शिक्षक अभावलाई कम गर्न दरवन्दि मिलान र गाउँपालिका शिक्षक बैङ्कको व्यवस्था गरिने छ।
५. जनसंख्या र भौगोलिकताका आधारमा विद्यालय सञ्चालन गर्न चालु शैक्षिक सत्र भित्र विद्यालय नक्साङ्कन गरिने छ।
६. बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई आधारभुत तह पुरा गराउन विशेष वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।
७. सामुदायिक सिकाइ केन्द्रलाई वडाको सुचना केन्द्रको रुपमा विकास गरिने छ।
८. शिक्षक र विद्यार्थीको प्रतिभा प्रस्फुटन सम्बन्धी साहित्यिक कार्यक्रम गङ्गाजमुना आवाज प्रकाशन गरिने छ।
९. उत्कृष्ट सिकाइ उपलब्धि ल्याउने विद्यार्थी र शिक्षण गर्ने शिक्षकलाई सम्मान गरी प्रोत्साहित गरिने छ।
१०. माध्यमिक विद्यालयमा माध्यमिक तहका स्थायी दरवन्दिका शिक्षकलाई प्रधानाध्यापक बनाउने नीति अवलम्बन गरिने छ।
११. निवृत्तभरण भइ स्व ऐच्छिक अवकाश हुने चाहने शिक्षकहरुलाइ प्रोत्साहित गरिने छ।

**स्वास्थ्य सेवा तर्फ**

१. गाउँपालिकाको पहिचानको लागि पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोप सुनिश्चितता र दीगोपना घोषणा कार्यक्रमलाइ निरन्तर सञ्चालन र दीगो बनाउन आबश्यक व्यवस्था गर्दै बालमैत्री स्थानीय तह र पोषण मैत्री स्थानीय तह घोषणाका सुचकहरु पूरा गर्न आबश्यक कार्यहरु सघन रुपमा सञ्चालन गरिने छ ।
२. "**बाल विवाह जीवन स्वाहा**" भन्ने नाराका साथ गाउँपालिका भित्र रहेका बाल विवाहलाइ अन्त्यका लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ साथै निशुल्क एम्बुलेन्स सेवा, ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम तथा "**स्वस्थ आमा स्वस्थ समाज**" कार्यक्रम अन्तरगत स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरुलाई पोषण प्याकेजको व्यवस्था गरिने छ ।
३. निरन्तर घट्दै गईरहेको जनसङ्ख्याको अवस्थालाई मध्यनजर गर्दै स्थायी रुपमा बसोबास गर्ने तेस्रो सन्तान जन्म दिने परिवारलाई ३ वर्षसम्म विशेष पोषण भत्ताको व्यवस्था गरिनेछ।
४. बढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ गरि समयमा नै रोगको पहिचान गरी उपचारमा ल्याउन आबश्यक उपकरण तथा बिशेषज्ञ सहितको घुम्ती शिविरहरु संचालन गरी जेष्ठ नागरिकहरलाई घरदैलोमा निशुल्क रुपमा जाँच गरिने व्यवस्था मिलाईने छ ।

५. गाउँपालिका भित्र रहेका एम्बुलेन्स सेवा व्यवस्थापन गर्नका लागि आबश्यक पहल गरिने छ । साथै सञ्चालनमा रहेका एम्बुलेन्सहरुको सेवा निरन्तरताका लागि मर्मत संभारको व्यवस्था गरिने छ ।

६. बच्चाहरुमा हुने कम तौल तथा कुपोषणको समस्या समयमै पहिचान गर्न नियमित रुपमा तोकिएको केन्द्रमा तौल लिन आउने बच्चाको परिवारलाई प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. यस गङ्गाजमुना गाउँपालिकामा संचालित गङ्गाजमुना आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिने स्वास्थ्य सेवालाई समय अनुकुल थप गर्दे गुणस्तरीय तथा भरपर्दो बनाउन आवश्यक औजार, उपकरण तथा सामाग्रीको व्यवस्था गरिनेछ ।

८. यस पालिका भित्र रहेको अस्पताल, स्वास्थ्य चौकीहरुमा आवश्यकता अनुसार भवन निर्माण, भौतिक सुधार ,मर्मत, घेराबार तथा कम्पाउण्डकको व्यवस्था गरिने छ ।

९. सबै स्वास्थ्य संस्थाहरुमा इ-हाजिरीको व्यवस्था गरि संस्थागत सुशासनलाइ प्रभावकारी तुल्याइने छ ।

१०. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य कर्मीहरुको क्षमता बिकास तथा उत्प्रेरणाको लागि नमुना स्वास्थ्य संस्थाको भ्रमणको व्यवस्था मिलाईने छ ।

११. सामुदायिक महिला स्वास्थ्य स्वंसेविकाहरुले प्रदान गरेको सेवाको उच्च सम्मान गर्दे प्रोत्साहनको व्यवस्था गरिने छ ।

१२. दलित घरपरिवारलाई दिदै आईरहेको निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै बिमा कार्यक्रमलाई प्रर्वद्धन गरिने छ ।

१३. यस गाउँपालिकामा संचालनमा रहेको गङ्गाजमुना आधारभुत अस्पतालमा आबश्यक कर्मचारीहरुको व्यवस्थापन गरि सेवाको गुणस्तर बृर्दि गर्न नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय द्वारा मिति २०८२/०१/०८ मा स्वीकृत भएको आधारभुत अस्पताल सञ्चालन मापदण्ड, २०८१ बमोजिम कर्मचारीहरु व्यवस्थापन गरिने छ ।

**खानेपानी तथा सरसफाई तर्फ**

१. "गङ्गाजमुनाको कञ्चन पानी, २०८३ मा झुल्किनेछ सफा र स्वच्छ बिहानी" भन्ने नारा सहित २०८३ चैत्र भित्र गङ्गाजमुना गाउँपालिकालाई नमूना सफा तथा स्वच्छ गाउँपालिका घोषणा गरिनेछ ।

२. खानेपानीको मुलहरूको पहिचान र गुणस्तर परिक्षण गरी गाउँपालिकामा नै खानेपानी को गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ।

३. एक घर एक धारा निर्माण आयोजनाहरुमा अनिवार्य मिटर जडानको व्यवस्था साथै मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ।

४. जलवायु परिवर्तनले गर्दा खानेपानीहरुको मुहान सुक्दै गएको समस्यालाई न्युनीकरण गर्न जलावायु अनुकुलित खानेपानी योजनाहरु छनौट गरि कार्यान्वयनमा लाने नीति लिईनेछ।

५. वाह्य उत्पादित पेय पदार्थहरुलाई निरुत्साहित गर्दै घरेलु पेय पदार्थहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**कृषि विकास तर्फ**

१. कृषकहरुलाई स्थानीय उत्पादनको उत्पादन र बजारीकरण वृद्धि गर्नका लागी प्रोत्सहान गरिने छ ।
२. कृषकहरुलाई तरकारिको मौसमी र बेमौसमी उत्पादनमा सहजीकरण गर्दै आत्मनिर्भर बनाउन पक्की टनेल बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. परम्परागत निर्वाहमुखी कृषिलाई आधुनिक, व्यावसायिक र दिगो बनाउन प्रविधि तथा सीप विकास गर्न कृषकहरुलाई तालिमको व्यवस्था गरिनेछ।
४. ६ नं. वडामा संचालन रहेको धान पकेट क्षेत्रको रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
५. आकस्मिक रुपमा बालि नालीमा देखा पर्ने र महामारीको रुपमा फैलिने रोग र किराको रोकथामको आवश्यक प्रबन्ध मिलाइनेछ ।

**पशु विकास तर्फ**

१. औषधि व्यवस्था विभागले तयार पारेको पशुपन्छीमा प्रयोग हुने अत्यावश्यक औषधिमा कृषकको पहुँच बढाउनको लागि औषधि खरिद गरि निशुल्क वितरणको प्रवन्ध मिलाइनेछ ।
२. कृषकहरुलाई सहजसेवा पुर्याउनको लागि वडामा भएका पशु स्वास्थ्य कर्मचारीहरुलाई टोल टोलमा गई सेवा प्रदान गरिनेछ |
३. पशुपन्छीमा लागाईने विभिन्न खोपको गुणस्तर कायम राख्न यस पालिकाको सबै वडामा फ्रिजको व्यवस्था गरिनेछ।
४. दुध ,मासु ,अन्डा, जस्ता पशु जन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले एक वडा एक पकेट कार्यक्रम संचालन गरिनेछ |

**उद्योग, व्यवसाय तथा सहकारी तर्फ**

१. गङ्गाजमुना गाउँपालिकामा रहेका बजारहरु व्यवस्थित रुपमा संचालन गर्न गाउँपालिका र वडा कार्यालयको समन्वय र सहकार्यमा अनुगमन प्रणालीलाई व्यवस्थित बनाइने छ।
२. यस गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई करको दायराभित्र ल्याउन गाउँपालिकाबाट कर शिक्षा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
३. सहकारी संस्थाहरुको नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ।
४. निष्कृय रहेका सहकारी संस्थालाइ सक्रियता वा खारेजी प्रक्रियामा लगिने छ ।
५. कोपोमिस प्रणालीलाई अनिवार्य रुपमा सम्पूर्ण सहकारी संस्थाहरुमा कार्यान्वयनमा ल्याइनेछ। साथै अन्य प्रयोगमा आएका प्रणालीहरुलाई कोपोमिससँग आवद्ध गरिनेछ ।

**रोजगार तथा उद्यमशीलता तर्फ**

१. आगामी आ.ब. देखि रोजगार, सीप र उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाहलाई वडा तहसम्म लागत साझेदारी गरी थप प्रभावकारी बनाइनेछ।
२. वैदेशिक रोजगारीमा जानेहरूका लागि श्रम स्वीकृति, जिल्लामै स्वास्थ्य परीक्षण र अभिमुखीकरणको व्यवस्था मिलाउनुका साथै फर्किएका युवाहरूलाई सीपका आधारमा स्थानीय स्तरमै उद्यम अनुदान दिइनेछ।
३. **"सीप सिकौं, स्वरोजगार बनौं"** भन्ने नाराका साथ सीप परीक्षण, कार्यस्थलमा आधारित तालिम, महिला लक्षित कार्यक्रम र सामुदायिक आयोजनाहरूमा श्रममूलक प्रविधिको प्रयोग गरी आन्तरिक रोजगारी सिर्जना गरिनेछ।
४. गङ्गाजमुना गाउँपालिकालाई बेरोजगार मुक्त बनाउन रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाउँदै 'एक वडा, एक उत्पादन' र 'युवा उद्यमशीलता' मार्फत निजी क्षेत्र र सरोकारवालासँग सहकार्य गरिनेछ।
५. "श्रमको सम्मान राष्ट्रको अभियान" अन्तर्गत कामको सम्मान गर्ने परिपाटी बसाल्दै, विप्रेषणलाई उत्पादनमा जोड्ने र बेरोजगारहरूलाई न्यूनतम रोजगारी तथा सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

**भौतिक पूर्वाधार विकास तर्फ**

१. भौतिक पूर्वाधार निर्माण सम्बन्धिकार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरण मैत्री दिगो विकासमा जोड दिइनेछ ।
२. गाउँपालिकाभित्र निर्माण हुने आर.सि.सि. पक्की भवनहरुको अनिवार्य रुपमा नक्सा पास गरेर मात्र भवन निर्माण सुरु गर्ने र यस भन्दा पहिले बनिसकेको भवनलाई अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ ।
३. "नियमित मर्मत संभार : दिगो सडकको आधार" को मर्म अनुसार पालिका स्तरका सडकको नियमित मर्मत संभार कार्यलाई योजनाबद्ध रुपमा अगाडी बढाइने छ ।
४. गुणस्तरिय आयोजनाहरु निर्माणको लागि पालिका स्तरीय गुणस्तर परीक्षणको लागि भौतिक प्रयोगशाला स्थापना गरिनेछ ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ**

१. ४० वर्ष पुगेका अविवाहित एकल महिलाहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ।
२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा कार्यविधि, २०७९ अनुसार स्थानीय बालमैत्री गाउँपालिका घोषणाका लागि पहल गरिनेछ।
३. अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री वितरणका लागि पहल गरिनेछ।
४. लैङ्गिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
५. महिला समूह तथा आमा समूहहरूको नेतृत्व विकासका लागि उद्घोषण तालिम सञ्चालन गरिनेछ।
६. बालबालिकाको प्रतिभा प्रस्फुटन तथा विकासका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ। (क्रम सङ्ख्या सच्याइएको)

७. बालविवाह, महिला हिंसा तथा सामाजिक कुरीति न्यूनीकरण कार्यक्रमलाई विशेष जोड दिइनेछ।
८. ज्येष्ठ नागरिकहरूका लागि मनोरञ्जन तथा धार्मिक स्थल भ्रमणको व्यवस्था गरिनेछ।

**युवा तथा खेलकुद विकास**

१.खेलकुद प्रवर्द्धनको लागि वडा स्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
२. पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आवश्यक प्रशिक्षण सहित सबै बिधामा बिद्यार्थीहरुलाइ सहभागी गराउने प्रबन्ध गरीने छ।

**पर्यटन विकास**

१. गङ्गाजमुना गाउँपालिका भित्र पहिचान भएको धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको विकास गरिनेछ ।
२. यस गाउँपालिका भित्र रहेको हिमाल अवलोकन गर्ने स्थल पर्यटकीय पूर्वाधार निर्माण गरी जङ्गल हाईकिङ्ग, ट्रेकिङ्ग, पिक्निक स्पोर्ट क्षेत्रमा विकसित गरिनेछ ।
३. पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँग समन्वयमा गाउँ गाउँमा होमस्टेको व्यवस्था र प्रवर्द्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

**वन,वातावरण तथा विपद् व्यवस्थापन समिति**

१. समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा दीगो वन व्यवस्थापनका माध्यमबाट वन, जैविक विविधता, जलधार तथा सिमसार क्षेत्रको संरक्षण गर्दै वन पैदावरको उत्पादन तथा उपयोग मार्फत वातावरण संरक्षण, रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा जोड दिइनेछ।
२. वातावरण प्रतिकुल नहुने गरी खानीजन्य नदीजन्य ढुङ्गा, गिटि, बालुवा सकंलन र वितरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाईने छ ।
३. विपदबाट हुने जोखिम र क्षतिलाई पुर्वआँकलन गरी विपद् व्यवस्थापनका लागि चाहिने आवश्यक राहतका सामग्रीहरुको समयअघि नै भण्डारण गरी राखिनेछ ।
४. गाउँपालिकामा विपद् पूर्व तयारी ,जोखिम आँकलन ,जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभिका क्रियाकलापका समन्वयात्मक ढङ्गबाट संचालन गरिने छ ।

गाउँसभाका सदस्य ज्यूहरू,

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट गाउँपालिकाबासीका आधारभूत आवश्यकताहरू परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिका बासी आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मूल प्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्रको सवलीकरण भई लोकतन्त्रका लाभहरुको समन्यायिक वितरण हुने विश्वास लिएको छु ।

अन्त्यमा,

माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका, वडाहरू र सम्पूर्ण गङ्गाजमुना बासी दाजुभाई दिदी वहिनीहरूको योगदान र सहयोग हुने विश्वास लिएको छु।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, सभाका सदस्यहरू, राष्ट्र सेवक कर्मचारीहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद !

सम्बत् २०८३ साल असाढ ७ गते सोमबार ।

प्रस्तुतकर्ता<br>
भक्त वहादुर लामा<br>
अध्यक्ष<br>
गङ्गाजमुना गाउँपालिका